सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३४० ♦ २०८२ साल साउन ९ गते शुक्रवार ♦ 25 July 2025 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५ ♦ www.shirishnews.com

## बर्दिवासबाट १६ वर्षीय बालिकालाई बलात्कार गरेको आरोपमा एक चिकित्सक पक्राउ

**खबर दर्पण समाचारदाता**

**साउन ८ गते, बर्दिवास**

एक १६ वर्षीय बालिकालाई बलात्कार आरोपमा महोत्तरी प्रहरीले एक चिकित्सकलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार पक्राउ पर्नेमा सर्लाहीको बलरा घर भई बर्दिबास स्थित डी एन् बी मेडिकेयर सेन्टरमा कार्यरत ४१ वर्षीय चिकित्सक डा. प्रविण मिश्र रहेको छ।

महोत्तरीका प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले डा. मिश्रलाई इलाका प्रहरी कार्यालय बर्दिबासले बलात्कार आरोपमा पक्राउ गरेको बताउन् भयो ।

पीडित बालिकाका अभिभावकले इलाका प्रहरी कार्यालय बर्दिबासमा बलात्कार सम्बन्धी किटानी जाहेरी दिएको आधार मा जिल्ला अदालतबाट साउन ५ गते प्राप्त पक्राउ अनुमति पत्र अनुसार विहिवार पक्राउ गरिएको प्नाउ भट्टले बताउनुभयो ।

१० हप्ताको गर्भवती रहेकी ती बालिकाको डा.मिश्रले गर्भपतन गराउँदा अत्याधिक रक्तस्राव भई अचेत भएका थिए ।

डा मिश्रले बालिकालाई प्रक्रिया प्रा नगरी घटना लुकाउन गर्भपतन गराएको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीले जनाएको छ।

## तीन महिनाका लागि मधेश प्रदेश विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने सरकारको निर्णय

**खबर दर्पण समाचारदाता**

**साउन ८ गते, बर्दिवास**



सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिले तीन महिना अवधिको लागि मधेश प्रदेशभर विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेकोछ।

सरकारको साउन ७ गते बसेको मन्त्री परिषद्को बैठकले यस्तो निर्णय गरेको हो। आज नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचनाप्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले पत्रकार सम्मेलनमार्फत जानकारी दिदै भन्नुभयो, "मधेशमा मौसमी संकटका कारण समस्या भोग्नु परेकोछ। यसका लागि तत्काल समस्याको समाधान गर्न यो घोषणा गरिएको हो।"

उहाँका अनुसार मधेशमा अहिले खेतीपातीमा खडेर पर्नु र अर्को १५ प्रतिशत घर धुरीमा खानेपानीको अभाव देखिएकोछ। सरकारले मधेश प्रदेशभर विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेर तत्काल जनताको घरमा खानेपानी पुर्याउने र जनजीवनमा आएका समस्याको समाधान खोज्ने तर्फ अग्रस हुने बताउनुभयो। त्यस्तै, उहाँले मधेशको समृद्धि बिना नेपालको समृद्धि अपुरो रहने उल्लेख गर्दै शिक्षा, स्वास्थ्य र आवश्यक विकासका पुर्वाधार निर्माण गर्न जरुरी हुने प्रष्ट पार्नुभयो।

त्यस्तै, वातावरणको संरक्षण गर्दै विकासको समृद्धि हासिल गर्नु पर्ने पनि उहाँको धारणा थियो। मन्त्रीपरिषद्ले गरेको निर्णयहरु मध्ये रुकुम (पूर्वी भाग) जिल्लाको सदरमुकाम सिस्ने गाउँपालिकाको वडा नं। ५ र ६ मा पर्ने रुकुमकोट तोक्ने सरकारको अर्को महत्वपूर्ण निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो।

त्यस्तै, साउन १८ गते मलेसियामा आयोजना हुने नेपाल आदिवासी जनजाति महासंघ९मलेसियाको चौथो अधिवेशनमा प्रमुख अतिथिको रूपमा सहभागी हुन कोशी

बाँकी पृष्ठ २ मा

## ठेक्का विवाद पछि गौशालाको साप्ताहिक हटिया (बजार)को स्थान सारियो

**अजयकुमार साह**

**साउन ८ गते, बर्दिवास**

गौशाला नगरपालिकामा वर्षौ देखि लाग्दै आएको स्थानीय साप्ताहिक हटिया बजारको स्थान सारिएको छ।

गौशाला नगरपालिका वडा नं ५ मा लाग्दै आएको गोरु, खसी तथा माछा बजारको नामले चिनिने स्थानीय साप्ताहिक हाट बजार नगरपालिको साउन ७ गते निर्णयको निर्णय अनुसार साबिकमा लाग्दै आएको स्थानमा बजार लाग्न निषेध गरी गौशाला बजार



गौशाला नगरपालिका- ५ मा रहेको बजार नगरपालिकाको कृषि उपज केन्द्र सारिएको नयाँ स्थान ।फोटो :खबर दर्पण

मराहापुलको दक्षिण पूर्व पट्टि रहेको रहेको नगरपालिकाको कृषि उपज केन्द्र मा लागु हुने गरी सारिएको निमित प्रमुख प्रशासकिय अधिकृत मनोज महराले एक सूचना प्रकाशीत गरि जानकारी गराउनुभएको छ।

गौशाला नगरपालिका र निगौल गाई गौशालाको जग्गामा लाग्दै आएको बजार ठेक्काको राजश्व संकलन विवाद भएपछि नगर पालिकाले गोरु, खसी र माछा बजार अन्यत्र सारेको नगरप्रमुख डा दिपेन्द्र महतो बताउनुभयो ।

गौशाला नगरपालिका र निगौल गाई गौशाला बीच बजार ठेक्का ठेक्का सम्बन्धी विवादको भएर दुई पटक भडप नै भएपछि बजार अन्यत्र सार्नु परेको नगर प्रमुख डा दिपेन्द्र महतो बताउनुभयो ।


तत्कालिन अवस्थामा (२०७० सालमा)गौशाला गाविस र निगौल गाई गौशाला बीचको सम्भौता अनुसार बजार ठेक्का बाट उठेको रकमबाट २५ प्रतिशत रकम गाई गौशालालाई दिने शर्तमा बजार ठेक्का लाग्दै

बाँकी पृष्ठ २ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मनरा शिस्वा नगरपालिकाबाट किसानलाई मालपोत करमा शतप्रतिशत छुट

**नविन चौधरी**

**साउन ८ गते, बर्दिवास**




महोत्तरी को मनरा शिस्वा नगर पालिकाले चालू आर्थिक वर्षमा पालिका भित्रका सबै किसानलाई मालपोत करमा शतप्रतिशत छुट दिने निर्णय गरेको छ।

विगत केही महिनादेखि वर्षा नहुँदा सिचाइमा गम्भीर समस्या उत्पन्न भएको भन्दै नगर पालिकाले किसानको पीडालाई मध्यनजर गर्दै श्रावण ७ गतेको कार्यपालिका बैठकबाट यस्तो निर्णय पारित गरेको हो।

नगरप्रमुख मोहन पाण्डेका अनुसार, "सिचाइको समस्या र मौसम प्रतिकूलताका कारण खेतीपातीमा प्रत्यक्ष असर परेकोले किसानलाई राहतस्वरूप मालपोत कर पूर्ण छुट दिने निर्णय गरिएको हो।" यता पालिकाले गरेको यस्तो निर्णयलाई किसानहरूले स्वागत गरेका छन्।

मनरा शिस्वा का किसान र मशंकर साह भन्छन्, "सिचाइ नहुँदा धान रोप्न सकिएको छैन। बेलैमा यस्तो निर्णय गरेर पालिकाले हाम्रो पीडा बुझेको अनुभूति भएको छ।"

"हामीजस्ता साना किसानलाई मालपोत कर छुटले केही हदसम्म राहत मिल्नेछ। वर्षा नभए पनि कम्तीमा सरकार हाम्रो पक्षमा उभिएको महसुस भयो।"

नगरपालिकाले आगामी दिनमा राहत प्याकेज र वैकल्पिक सिचाइ योजनाबारे समेत छलफल भइरहेको जनाएको छ।

# प्रधानमन्त्री महोत्तरी जिल्लाको मटिहानी आउदै

**खबर दर्पण समाचारदाता**

**साउन ८ गते, बर्दिवास**



प्रधानमन्त्री केपी शर्मा ओली शुक्रबार महोत्तरी जिल्लाको मटिहानी नगरपालिकामा दुईवटा महत्वपूर्ण पूर्वाधार आयोजनाको समुद्घाटन गर्न आउने भएका छन्।

नगर प्रमुख हरि मण्डलका अनुसार प्रधानमन्त्री ओलीले बिहान ११ बजे मटिहानी नगर पालिका–८ स्थित नवनिर्मित बिग्ही नदीमाथिको पुलको समुद्घाटन गर्ने कार्यक्रम रहेको छ।

त्यसपछि बिहान ११:३० बजे मटिहानी नगरपालिका–६ मा निर्माण सम्पन्न भएको प्रसूति गृह भवनको औपचारिक उद्घाटनसमेत प्रधानमन्त्री ओलीले गर्नेछन्।

प्रधानमन्त्रीको आगमनलाई मध्यनजर गर्दै स्थानीय प्रशासन, सुरक्षा निकाय र नगरपालिकाले तयारी तीव्र पारेका छन्। कार्यक्रमस्थलमा सुरक्षा व्यवस्था कडा पारिएको छ भने स्थानीय बासिन्दामा उत्साह देखा परेको छ।

नगर प्रमुख मण्डलले मटिहानीको विकासका लागि यस्ता पूर्वाधार परियोजनाहरू महत्वपूर्ण हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीको आगमनले थप योजना कार्यान्वयनमा प्रेरणा दिने बताए ।

# तीन महिनाका लागि...

प्रदेशका प्रदेश प्रमुख माननीय परशुराम खापुङलाई स्वीकृति प्रदान गर्ने, जापानको टोकियोमा २०८२ भदौ ९ देखि १३ गतेसम्म आयोजना हुने एसिया प्यासिफीक ग्रुप अन मोनी लाउन्डरी (एपिजी) मा ७ सदस्यीय प्रतिनिधिमण्डल तथा चिनको मकाउमा आगामी भदौ १८ देखि १९ गतेसम्म आयोजना हुने एफएटिएफ(आइसिआरजी) एपी जोइन्ट ग्रुप, फेश टु फेश मिटिङमा ५ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गरी सहभागी हुन सचिव फणीन्द्र गौतमलाई स्वीकृति प्रदान गर्ने सरकारको निर्णय छ।

त्यस्तै, साउन १३ देखि १५ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने सिएआरइ/ फर साउथ एसिया प्रोजेक्ट कम्प्लेसन एन्ड डिसिमेनिसन वर्कसप सम्बन्धी कार्यक्रममा सचिव गोविन्दबहादुर कार्कीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने, सासेक विद्युत ट्रान्समिसन तथा वितरण आयोजना कार्यान्वयनका लागि ओपेक फन्ड फर इन्टरनेशनल डेभलपमेन्ट (ओफिड) बाट नेपाल सरकारलाई प्राप्त हुने १०० मिलियन अमेरिकी डलर ऋण स्वीकार गर्ने, साउन १२ र १३ गते जापानको ओसाकामा आयोजना हुने नेपाल दिवस कार्यक्रममा सहभागी हुन सचिव डा।रामप्रसाद घिमिरेलाई स्वीकृति दिने, लोकमान्य गोल्छा, काठमाडौं (हाल नेपालका लागि पोल्याण्डका अवैतनिक महावाणिज्यदूत) लाई पोल्याण्ड सरकारबाट प्रदान गरिने अफिर्सस् क्रस अफ द अडर अफ मेरिट पदक ग्रहण गर्न स्वीकृति दिने सरकारकाले निर्णय गरेकोछ।

# मधेस सरकारको नेतृत्वमा................

छ ।

मन्त्री यादवले भने, 'सरकार फेर बदलको सवालमा केन्द्रीय गठबन्धनबाट केही निर्णय आएको छैन । हाम्रो पार्टीबाट पनि केही निर्देशन आएको छैन ।'

सरकारको नेतृत्व फेर्ने सवालमा छलफल नहुन्जेलसम्म यही नेतृत्वको सरकार निरन्तर रहने उनको भनाइ छ । अहिले सर कारमा खासै समस्या नरहेको उनले बताए ।

जनमत पार्टीले भने सरकार नेतृत्व फेरबदलको चर्चा अनावश्यक भएको टिप्पणी गरेको छ । सरकारको नेतृत्व गरिरहेका मधेसका मुख्यमन्त्री सिंहले नेतृत्वमा आलोपालो सम्झौता काहीँ पनि नभएको दाबी गरे ।

उनले भने, 'मधेसमा कसैको बहुमत छैन, त्यसकारण यो गठबन्धनको सरकार हो । तर शीर्षस्थ नेतृत्वले फेरबदल गर्न आदेश दियो भने त्यो स्वतः हुन्छ। त्यसमा कुनै विमति छैन ।' तर आलोपालो नेतृत्व गर्ने कुनै सम्झौता नभएको मुख्यमन्त्री सिंहले बताए । केन्द्रीय निर्णय नआउन्जेलसम्म आफ्नो नेतृत्वको सरकार रहिरहने उनले प्रस्ट पारे ।

# ठेक्का विवाद पछि गौशालाको................

आएको थियो । तर, गाई गौशालालाई दिनुपर्ने रकम भुक्तानी नगरेको विषयलाई लिएर गौशाला नगरपालिका पक्षधर र गाई गौशाला पक्षधर दुई पटक झडप भएको थियो । यस विषयलाई लिएर उच्च अदालत जनकपुरले साउन ७ गते अल्पकालिन अन्तरिम आदेश जारी गर्दै गौशाला नगर पालिकाबाट बजार ठेक्का प्राप्त गरेका श्रवणकुमार महतोलाई नगरपालिका को च न १०३ मिति २०८२ असार ३२ गते चलन पुर्जि बमोजिम कार्य गर्न बाधा अवरोध नगर्नु भनि न्यायधीश महेन्द्रनाथ उपाध्यायकको इजलासले आदेश जारी समेत गरेको छ।

विगतका दिनमा भएको विवाद र झडपलाई मध्यनजर गरि साविकमा बजार लाग्ने स्थानमा सुरक्षाकर्मीहरुलाई खटाइएको छ भने बजार सारिएको स्थानमा नगर प्रहरी खटिएका छन् ।

सोमबार विहान ठेक्का रकम सङ्कलनको प्रयासका क्रममा नगरपालिका पक्ष र गाई गौशाला पक्षधर बीच विवाद उत्पन्न भई हात हालाहाल भएको थियो । विवादले झडपको रुपलिंदा चार जना घाइते भएका छन्। झडपमा परेर वडा नं. २ का वडा अध्यक्ष श्याम कुमार मण्डल, स्थानीय विपिन साह, विजय यादव र सुरेन्द्र महतो घाइते भएका छन् ।

स्थितीलाई नियन्त्रणमा लिनको लागि प्रहरी बल परिचालन गरि स्थितीलाई नियन्त्रणमा लिएको थियो।

नगर प्रमुख महतोले स्थानीय बजारहरु स्थानीय सरकारको मातहतमा हुनु पर्ने कानुन र हेको हुँदा सोहि अनुसार गरि एको र बाँकी विषयमा सर्व पक्षिय बैठक गरेर समस्याको समाधान गर्ने बताउनुभयो ।

यता उच्च अदालतको आदेशानुसार साउन ९ गतेको तारिख तोकी दुबै पक्षलाई रोहवरमा राखि छलफल गरी निष्कर्षमा पुग्ने बताइएको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सहकारीले उजालिएको एउटा गाँउ

**धनवीर महतो**

महोत्तरीको गौशाला स्थित साना किसान कृषि सहकारी संस्था लिमिटेडले सहज रुपमा ऋण उपलब्ध गराएपछि स्थानिय देवकलाकुमारी कोईरीले छोरी अन्माउन सफल भईन् । असारको महिनामा कहिकतैबाट ऋणको प्रबन्ध नभएपछि छोरीको विवाहलाई तनाव लिएका उनका परिवारलाई छेउमै रहेको साना किसान कृषि सहकारी संस्थाले राहत दिलाएका छन् । वार्षिक १४.५ प्रतिशतमा व्याजदरमा सहज तरिकाले संस्थाले ऋण उपलब्ध गराएपछि अन्ततः छोरीलाई अम्नाउन सफल भएकी देवकलाले सुनाईन् ।

उनले भनिन्, पैसाको जाहो नहुँदा अव छोरीको विहे हुन्छ भनि घरपरिवार आश त्यागेका थिए । एक त असारको आर्थिक मसान्तमा वैंकको खाता बन्द रहेको समय, अर्कोतर्फ छोरीको विवाह नजिकमा आएपछि स परिवार तनावमा थियो । यसभन्दा अघि नै साहु महाजनको चक्करमा परि घरको आर्थिक अवस्था धरायसी भइसकेको थियो । यस संस्थाले छोरीको विवाह गर्ने बखत असल सहयोगीको रुपमा उभिए । जहाँबाट सहज र छोटो प्रक्रियामार्फत साढे ८ लाख ५० हजार रुपैयाँ १ हप्ताभित्रमा ऋणस्वरुप किस्ताबन्दीमा उपलब्ध गराएका थिए । जुन मेरो लागि त्यो समयमा धेरै नै उपलब्धिको विषय थियो ।

खेतीपाती मुख्य पेशा अंगालेकी गौशाला १० की रन्जुकुमारीले सोही वैंकमार्फत ८ लाख रुपैयाँ घरायसी खर्चका लागि ऋण लिएकी हुन् । ऋणचुक्ताका लागि साहुमहाजनले तंग गरेपछि अन्य कुनै उपाय नलागेपछि अन्तिम समयमा आएर यस वैंकले सो र कम सहज तरिकाले ऋण उपलब्ध गराएका थिए । जसले घर परिवार चलाउनका लागि निकै नै सहज भएको रन्जुले बताईन् । तरकारी खेतीमार्फत सो रकम मासिक रुपमा किस्ताबन्दीस्वरुप रकम तिर्दै आएको उनको भनाई छ ।

जिल्लाको पश्चिमी भेग कान्तिवजारमा संचालित यस सहकारी संस्थाले देवकला र रन्जु झै ६२४ जना ऋणीहरुलाई आर्थिक सहयोग गरेका छन् । समुहको वैठकमार्फत ऋण पास गराएको आधारमा नै सेयर सदस्यलाई अवस्था हेरि अहिलेसम्म २ करोड ४६ लाख ६२ हजार रुपैयाँ ऋण लगानी गरिएको संस्थाले जनाएको छ ।

ती संस्था त्यसभेगका नागरिकका लागि आशा र भरोसाका रुपमा स्थापित भएको गौशाला ११ का प्रदिपकुमार सिंहको भनाई रहेको छ । उनले भने, परोरिया र एघार नम्बर गाँउको उत्तरतर्फ घना जंगल अनि पुर्व पश्चिमतर्फ खोलाले घेरिएको छ । छेउछाउमा कुनै किसिमको वैंक अथवा वितीय संस्था नरहेको अखण्डमा यस संस्थाले आर्थिक कारोबारका लागि त्यसभेगमा निकै नै महत्वपुर्ण भुमिका निर्वाह गर्दै आएका छन् । खेतमा उत्पादन भएको कृषिजन्य पदार्थ बजारमा विक्रीमार्फत भएको आम्दानी पनि त्यहि संस्थामा दाखिला गर्दै आएका छन् । खेतीपाती र पशुपालनको साथै वालवच्चालाई पठाउन, घरायसी कामकाजका लागि सस्तो र सुलभ रुपमा ऋण समेत पाएपछि त्यसभेगका नागरिकलाई आर्थिक कारोबारका लागि वाहिर जानुपर्ने वाध्यताको अन्त्य भएको छ । उनीहरुको सुखदुखको सहारा भनेको त्यहि नै साना किसान सहकारी संस्था रहेको छ ।

स्थानिय गृहणी ललिता सिंह भन्छिन्, संस्थामा आवद्ध सेयर सदस्यको लागि यस संस्था धेरै फाईदा दिदै आएको छ । जस्तोसुकै आपतविपद्मा संस्थाले मल्हम दल्ने काममा सक्रिय हुन्छन् । उनले थपिन्, एक त साहु महाजनले ऋण दिनका लागि आनाकानी गर्छन् । अर्कोतर्फ दिएपनि जग्गा कब्जा गर्न धुनमा उनीहरु लागेका हुन्छन् । पछिल्लो समयमा आएर सहकारी काण्डले यहाँका साहु र ऋणीहरु तर्सिएका छन् । एक अर्कामाथि विश्वास गर्ने कुनै ठोस आधार नै छैनन् । यस समयमा यस संस्थाले सेयरधनीलाई हरपल सहयोगीको भुमिकामा रति भर पनि कन्जुसाई नगरिकन निरन्तर सहयोग गर्दै आएका हुन्छन् ।

खेतीपातीमा आवद्ध किसानहरु १० बर्ष अगाडि आर्थिक कारोबारका लागि खोलिएको यस संस्थामा ९७ प्रतिशत महिलाहरु आवद्ध रहेका छन् । शुरुमा ३५ जनाले २५ हजार रुपैयाँका दरले पुँजी निर्धारण गरि संस्थाको स्थापना गरिएको थियो । जुन संस्था अहिले मासिक लाखौ रकम नाफा कमाउन सफल भएका छन् ।



यस अवधिमा संस्थाले गौशाला नगरपालिकाभरिमा २५५ वटा समुह गठन गरेका छन् । जसमा १ हजार ३ सय ८५ जना वुहारी आवद्ध छन् । पहिले पहिले गृहणीमै सिमित रहेकी यसभेगकी महिलाहरु अहिले आर्थिक कारोबारको पाटोलाई राम्ररी सम्हाल्दै आएकी छिन् ।

## संस्थाले दुग्धको कारोबार गरेपछि पशुपालनतर्फ किसान आकर्षित

संस्थाले पछिल्लो समयमा आएर दुग्धजन्य पदार्थको कारोबार गरेपछि यसभेगमा कृषकहरु पशुपालनतर्फ आकर्षित हुन थालेका छन् । हरेकले ऋणमा भएपनि कम्तीमा २ वटा गाईवस्तु पालिएका छन् । पशुपालनबाट स्थानिय किसानहरु मगन्य आम्दानी गर्न थालेका छन् । नजिकमै जंगल र छेउमै नदी भएपछि घाँसपात गर्न सजिलो भएपछि किसानहरु पशुपालनतर्फ आकर्षित भएको हो । दुग्ध कारोबार गरेर संस्थासँग सम्बन्ध बनाएकी गौशाला नगर पालिका १२ की सरिताकुमारी सिंह अहिले संस्थाकै सहयोग लिएर पशुपालनलाई मुख्य व्यवसाय बनाएका छन् । शुरुमा एउटा भैसी पाल्न शुरु गरेका उनी पछिल्लो समयमा आएर ५ वटा गाई घर मा पालेका छन् । एउटा गाई विमारी पर्दा मर्दा विमावापतको र कम प्राप्त गरिसकेका छन उनले । पहिले पहिले २५ लिटरसम्म दुग्ध विक्री गरेर छोराछोरीलाई पढाई लेखाईको साथै घरपरिवार राम्ररी पाल्न सफल भएका छन् । आम्दानीको साथै वोल्नमा निपुण भएको छु उनले सुनाईन् । अव ऋणदरमा सहलुयित र धितो विना नै ऋण उपलब्ध गराउन आग्रह गरेकी छिन् ।

एघार नम्बर टोल घर भएकी ५० बर्षिया रामप्यारी महतो एउटा भैसी घरमा पालेकी हुन् । भैसीपालन गरेर दुग्ध दही विक्रीको साथै मल विक्री गरि छोराछोरीलाई उनले वाहिर पढाई रहेका छन् । सोही वस्तीकी रन्जु महतोले घरमा ५ वटा गाईवस्तु पालिएको थियो । दैनिक ८० किलोसम्म दुग्ध विक्री यसै संस्थाको डेरीमा विक्री गर्दै आएको थियो । मा विरामीको कारण गाईहरु मर्न थालेपछि घरमा अहिले एउटा मात्र गाई रहेको छ । ऋण लिएर गाईवस्तु खरिद गरिएपनि वीमा गरिएपछि खासै रुपमा नोक्सान नभएको उनले बताईन् ।

यसै संस्थामार्फत ऋण लिएर दुई वटा भैसी खरिद गरिएकी स्थानिय वुधनीदेवीले दैनिक ८ लिटर दुग्ध संस्थामा विक्री गरि दैनिक ५ सय रुपैयाँ आम्दानी गर्न सफल भएको छ । उनले गाईवस्तुलाई रेखदेखका लागि संस्थामा भेटनरी चिकित्सकको माग गरेकी हुन् । दिलवरनी साहले दिएको जानकारी अनुसार संस्थामार्फत आफुहरुलाई धेरै नै फाईदा रहेको बताईन् ।

संस्थाले दुग्ध संकलन केन्द्र (डेरी) संचालनमा ल्याएपछि त्यसभेगकारु विहान र साँझको समयमा कृषकहरु दुग्ध विक्री गर्न भिड लागेका हुन्छन् । संस्थाले किसानहरुसँग दुग्ध खरिद गरिनुको साथै दुग्ध, दही, पनिर, खुवा, ध्यु लगायतका परिकारहरु स्थानिय वजार मा विक्री गर्दै आएका छन् ।

## अव संस्थाको यात्रा उत्पादनमुलकमै केन्द्रित

साना किसान सहकारी संस्था लिमिटेडको मुख्य कार्यालय गौशाला नगरपालिका १२ कान्तिवजारमा छ । जहाँबाट २५५ वटै समुह संचालित छन् । महिनाको एक दिन हरेक केन्द्रमा वैठक हुन्छ । जहाँ सेयर सदस्यले मासिक वचत रकम संकलन गर्नुको साथै ऋण लगानीको तय गर्ने गर्दछ । अहिलेसम्म ६१० ऋणीमार्फत ७ करोड ३७ लाख ६ हजार रुपैयाँ ऋण लगानी गरिएको संस्थाले जनाएको छ ।

उनीहरु महिनाभरि कृषि क्रममा लागि पैसाको जोहो गरेका हुन्छन् । वैठकमा पारित भएको रकम सम्बन्धित केन्द्रअध्यक्षले रुजु गरि मुख्य कार्यालयमा पठाउछन् । जहाँबाट कार्यालयका कर्मचारीले आवश्यक्ता र कागजातको आधारमा ऋण उपलब्ध गराउँछन् ।

संस्थाका प्रवन्धक रामदयाल महतोका अनुसार अव संस्थाले वितीय कारोबारभन्दा वढि उत्पादनतर्फ जोड दिईने जनाएको छ । आर्थिक कारोबारका लागि पछिल्लो समयमा आएर अनेकौ वीतिय संस्था खुलिसकेको अवस्थामा अगामी यात्रा सेयर सदस्यलाई पुर्णरुपमा उत्पादनसँग जोडिने उनले धारणा राखेका छन् । उनले भने, अवको जमाना आधुनिक प्रविधीको भएकोले वितिय खासै रुपमा प्रभावकारी हुँदैन् । अधिकांशले मोवाईलबाटै वीतिय कारोबार गर्दै आएको छन भने ठाँउठाँउमा लघुवित संस्थाहरु खोलिसकेको छन् । सहकारीलाई अव त्यसमा खासै ध्यान दिनुपर्ने आवश्यक्ता रहेन् । समुदायलाई उत्थान गर्न र आर्थिक उन्नतीतर्फ धक्लिनका लागि उत्पादनसँग जोडिनु नै प्रभावकारी हुनेछ । खासगरि कृषि र पशुपालन केन्द्रित तालिम र गोष्ठीमार्फत दक्ष किसान उत्पादन गर्नु अवको आवश्यकता रहेकोले यसैसाथ संस्थाले रणनिती तय गरेको छ ।


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# मधेशमा यही सरकारले निरन्तरता पाउँछ : मन्त्री यादव



**खबर दर्पण समाचारदाता**
**साउन ८ गते, बर्दिवास**

मधेशका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले मधेश सरकार परिवर्तनको अहिले कुनै सम्भावना नरहेको बताएका छन् ।

पछिल्लो समय कांग्रेस र एमालेले अर्को सरकारको बारेमा अभ्यास गरिरहेको भन्दै भ्रम फिजाइएको भन्दै उनले आपत्तिसमेत जनाएका छन् । ‘मधेशमा अर्को सरकार गठनबारे हाम्रो पार्टीभित्र र गठबन्धनमा कुनै छलफल भएको छैन । तर, अफवाह फैलिंदा सरकारको गरिमा घटेको छ’, एमाले संसदीय दलका नेता समेत रहेका उनले भने, ‘अहिले यही सरकारले निरन्तरता पाउँछ । नयाँ सरकार गठनको कुनै प्रयास भएको छैन ।’

मधेशमा पछिल्लो समय जनमत नेतृत्वको सरकार परिवर्तनको चर्चा चलिरहेको बेला मन्त्री यादवले सो कुरा प्रष्ट पारेका हुन् ।

## बुलबुक र लाईसेन्स हरायो

मिति २०८२-०४-०६ गते मंगलवारका दिन औरही नगरपालिकाबाट बर्दिवास नगरपालिका तर्फ जाँदै गर्दा बर्दिवास जलेश्वर सडक खण्डमा बुलबुक र लाईसेन्स हराएको छ।मोटरसाईकल नम्बर प्र.२-०२-००१प ७४०० र लाईसेन्स नम्बर ०४-५२९४९९

नाम : दिनेश चौधरी

ठेगाना : औरही नगरपालिका १ औरही

सम्पर्क नम्बर : ९८०७६९२६३७,९८४४१६७६२९

# मधेस सरकारको नेतृत्वमा कांग्रेसको दाबी

**खबर दर्पण समाचारदाता**
**साउन ८ गते, बर्दिवास**

आलोपालोको सहमतिविपरीत मधेस प्रदेश सरकार सञ्चालन भइरहेको भन्दै सत्तारुढ दलहरूबिच नेतृत्वका लागि हानथाप सुरु भएको छ । सत्ता साझेदार दुई ठुला दल कांग्रेस र एमालेबिच नेतृत्व गर्ने आकांक्षा बढेपछि सत्ता गठबन्धनमा कलह सुरु भएको हो ।

जनमत पार्टीले मधेस सरकारको नेतृत्व गरेको १४ महिना पुग्न लागेको छ । गत वर्ष जेठ २५ मा जनमत पार्टीका सतिस कुमार सिंहले प्रदेश सरकारको नेतृत्व सम्हालेका थिए ।

केन्द्रमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको तत्कालीन सरकार ढालेर कांग्रेस-एमालेको गठबन्धनले नयाँ सरकार गठन गरेको थियो । केपी शर्मा ओली नेतृत्वको संघीय सरकारलाई त्यसवेला जनमत, लोसपासहित अन्य दलले पनि समर्थन जनाएका थिए ।

केन्द्रमा भएको उक्त गठबन्धन अनुसार नै प्रदेशमा पनि सरकार फेरबदल भयो । कांग्रेस-एमाले गठबन्धनमा जनमत र लोसपालाई समेत समेटेर




मधेसमा चार दल सम्मिलित सरकार गठन भयो ।

त्यसबखत मधेस सरकारको नेतृत्व आलोपालो लिने सहमति भएको भन्दै अहिले सत्तारुढ दलहरूबिच नेतृत्वका लागि हानथाप भएको छ । गठबन्धन दलहरूबिच नै नेतृत्वको विषयमा हानथाप सुरु भएपछि मधेसको सत्ता गठबन्धनको भविष्यमाथि गम्भीर प्रश्न उठिरहेको छ ।

यद्यपि, वर्तमान सरकार भन्ने ढल्ने अवस्थामा नपुगेको सत्ता गठबन्धन दलहरू बताउँछन् । केन्द्रीय सहमति अनुसार गठबन्धन रहे पनि सरकारको नेतृत्व फरक दलले पाउनु पर्ने भन्दै कांग्रेससहितका दलहरूले लबिङ सुरु गरेका छन् ।

कांग्रेस मधेस प्रदेशका संसदीय दलका नेता कृष्ण यादवले मधेसको नेतृत्व लिन केन्द्रका शीर्षस्थ नेतृत्वसँगको भेटघाटलाई तीव्रता दिएका छन् । जनमत पार्टीले सरकारको नेतृत्व गर्ने पालो सकिएको भन्दै उनले प्रदेश सरकार फेर बदलको माग गरिरहेका छन् । रातोपाटीसँग प्रतिक्रिया दिँदै कांग्रेस नेता यादवले भने, ‘केन्द्रमा मधेस प्रदेशको नेतृत्व एक वर्षमा फेर्ने सहमति भएको थियो । त्यसबमोजिम नै पहिलो नेतृत्व जनमतलाई दिइएको हो । अब पालो कांग्रेसको हो, त्यसकारण कांग्रेसलाई सरकारको नेतृत्व दिनुपर्छ ।’

उनले चारै दल सत्ता गठबन्धनमा रहेको भन्दै गठबन्धनमा विवाद नरहेको बताए । ‘तर त्यसबखत आलोपालो सरकारको नेतृत्व गर्ने सहमति भएकै हो, त्यो पालना हुनुपर्छ,’ उनले भने ।

गठबन्धन तलमाथि नगरीकन सरकारको नेतृत्वमात्र फेरिने यादवको तर्क छ । ‘जो आए पनि यही गठबन्धनबाट अर्को नेतृत्व आउने हो, यो गठबन्धन बलियो छ,’ उनले भने ।

यता एमाले मधेस प्रदेश संसदीय दलका नेता एवं भौतिकमन्त्री सरोज यादवले पनि सरकार गठन हुँदाको बखत नेतृत्व आलोपालो गर्ने समझदारी भएको बताए । उनका अनुसार यो विषयलाई छलफल गरेर टुङ्ग्याउनु पर्छ । यद्यपि यही कारणले सरकार अस्थिर नबनेको उनको टिप्पणी

*बाँकी पृष्ठ २ मा*

*स्थानीय संचार माध्यमलाई प्राथमिकता दिऔं ।*


## नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

नियमित स्वास्थ्य परीक्षण किन ?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैले,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

रामगोपालपुर नगरपालिका
महोत्तरी



## नसर्ने रोगबाट बच्ने उपाय ।

- धुमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

***औरही नगरपालिका, महोत्तरी***





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,